ठाटीकाँध गाउँपालिका

लकान्द्र, दैलेख

कर्णली प्रदेश ,नेपाल

स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्ड १ | (सँख्या ४ ) | भाद्र, २५ गते २०७५ साल |

भाग १

गाउँ सभाको मिति २०७५ असार २८ गते स्वीकृत भएको देहाय बँमोजिमको कार्यविधि स्थानीय सरकार सँचालन ऐन ,२०७४ बँमोजिम सर्वसाधारणहरुको जानकारीकोलागि प्रकाशन गरिएको छ ।

# ठाटीकाँध गाउँपालिकाको विनियोजन ऐन, २०७५

**सभाबाट स्वीकृत मितिः २०७५/०३/२८**

**प्रस्तावनाः** ठाटीकाँध गाउँपालिकाको आर्थिक बर्ष २०७५।०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोष बाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम ठाटीकाँध गाउँ सभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्तनाम र प्रारम्भः (१)** यस ऐनको नाम "ठाटीकाँध गाउँपालिकाको विनियोजन ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन, तुरुन्त प्रारम्भ हुनेछ ।

**परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः

क) "ऐन भन्नाले" ठाटीकाँध गाउँपालिकाको विनियोजन ऐन, २०७५ सम्झनुपर्छ ।

ख) "कार्यपालिका" भन्नाले ठाटीकाँध गाउँ कार्यपालिका सम्झनु पर्छ ।

ग) "गाउँपालिका" भन्नाले ठाटीकाँध गाउँपालिका सम्झनुपर्छ ।

घ) "सभा" भन्नाले ठाटीकाँध गाउँपालिकाको सभा सम्झनुपर्छ ।

ङ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

२.**आर्थिक वर्ष २०७५।०७६ को निमित्त सञ्चित कोष बाट रकम खर्च गर्ने अधिकारः** (१)आर्थिक वर्ष २०७५।०७६ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम **रु.३३४१४७०००।-** (अक्षेरुपी तेत्तिस करोड एकचालिस लाख सठ्चालिस हजार रुपैयामात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोष बाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः (१)** यस ऐनद्धारा सञ्चित कोष बाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५।०७६ को निमित्त ठाटीकाँध गाउँपालिका गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

**(२)**उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा ठाटीकाँ गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरु बाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

**(३)**उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ ।

**अनुसूचि-१**

(दफा२ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

| क.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँ कार्यपालिका | ७३,६८८ | १,३९,५५३ | | २,१३,२४१ |
| २ | | वडा समिति | २,७०६ | ३१,३०० | | ३४,००६ |
| ३ | | बिषयगत शाखा | ७५,४५८ | १०,४४२ | | ८५,९०० |
| ४ | | ऋणको सावा व्याज भुक्तानी | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | | लगानी ( शेयर/ऋण) | | १००० | | १,००० |
| **जम्मा** | | | १,५१,८५२ | १,८२,२९५ | | ३,३४,१४७ |

संञ्चित कोष बाट विनियोजन हुने रकम

**रु. हजारमा**

| | |
|---|---|
| | आज्ञाले<br>दिपेन्द्र बहादुर शाही |
| प्रमाणीकरण मिति २०७५।०३।२८ | नि.प्रमुख प्रशासकीय अधिकृत |